## खत्याड गाउँपालिका

# बार्षिक निति तथा कार्यक्रम र बजेट

## आ.ब. ०७५/०७६

खत्याड गाउँपालिका

**गाउँ सभाबाट पारित मिति २०७५/०३/३१ गते**

खत्याड गाउँपालिकाको तेश्रो गाउँ सभामा खत्याड गाउँपालिकाका अध्यक्ष श्री उब्जन बहादुर शाही बाट पस्तुत आ.ब.२०७५/७६ को नीति, तथा कार्यक्रम वक्तब्यः

यस गरिमामय उपस्थित उपाध्यक्ष
लगाएत आदरणिय सभाका सदस्य ज्युहरु,

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो स्थानिय निर्वाचन पछिको खत्याड गाउँपालिकाको तेश्रो गाउँ सभामा यस खत्याड गाउँपालिकाका तर्फबाट आ.व. २०७५/०७६ को लागि नीति, तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर पाएकोमा मैले अत्यन्त गौरव महसुस गरेको छु । सर्वप्रथम आफ्नो व्यक्तिगत जीवनको प्रवाह नगरी देश, राष्ट्र तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको क्रममा आफ्नो प्राण आहुती दिने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहन्छु।

आदरणीय सभाका सदस्यहरु
नेपालको राजनैतिक इतिहासमा युगान्तकारी महत्व राख्ने परिवर्तनका साथ नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रतात्मक मुलुको रुपमा स्थापित भएको छ । संविधान सभा मार्फत संघिय संरचना सहितको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, वहुलवाद, सामाजिक न्याय सहितको समानुपातिक, समावेशी प्रतिनिधिमुलक व्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षता जस्ता महत्वपूर्ण उपलब्धिहरु संस्थागत भएका छन् । संघिय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधानको मुल मर्म र भावना अनुसार स्थापित जनताको जनमतबाट स्थानीय सरकार गठन भएको १ वर्ष वितेको छ । विगत आ.व. २०७५/०७६ को पारित निति तथा कार्यक्रमको सफल कार्यान्वयन गर्ने सम्बन्धमा सभाका सम्पूर्ण सदस्यहरुले लेखेको प्रशंसनिय भुमिका प्रति म उच्च सम्मान प्रकट गर्न चाहन्छु । यसै क्रममा विगत एक बर्षमा आम नागरिहरुका तर्फबाट हामिले आर्जन गरेको स्थानीय सरकार प्रतिको आडभरोसा र विश्वास लोकतन्त्रका बलियो आधार स्तम्भको रुपमा रहेको व्यहोरा यस गरिमामय सभालाई स्मरण गराउन चाहन्छु । जननिर्वाचित पदाधिकारी हुनुको नाताले समग्र खत्याडको सम्वृद्धि, विकास र रुपान्त्रणका लागि प्रतिवद्ध रहदै यसका लागि जस्तोसुकै जोखिम लिन पनि पछि नपर्ने प्रतिवद्धता यस गरिमामय सभा मार्फत निवेदन गर्न चाहन्छु ।

भौगोलिक अवस्था, विकास सम्भावना तथा स्थानीय साधन श्रोतले भरिपुर्ण खत्याड गाउँपालिका कर्णाली प्रदेशकै आर्थिक तथा सामाजिक अन्तर-सम्बन्धको केन्द्रको रुपमा विकसित हुने प्रसस्त सम्भावना रहेको व्यहोरा निवेदन गर्न चाहन्छ । यस क्षेत्रको समग्र विकासका लागि खत्याड क्षेत्रमा रहेको स्रोत र साधनको समुचित प्रयोग गर्दै एउटा समुन्नत, सक्षम र सम्वृद्ध नगर उन्मुख स्थानीय तहका रुपमा देख्न पाउनु हामी सबैको साझा लक्ष हो । पर्यटकिय पुर्वाधारको निर्माण, कृर्षिमा व्यवसायीकरण, स्थानीय औद्योगिकरण, उत्पादन तथा आयमुलक कार्यमा लगानी , रोजगारीको सृजना तथा नागरिकहरुको प्रतिव्यक्ति आयमा वृद्धि नभई एकातर्फ समग्र क्षेत्रको न्यायोचित र सुदृढ विकासबाट मात्रै हामि दिगो विकासका राष्ट्रिय लक्ष्यहरु प्राप्त गर्न सक्छौ । यसका लागि संघिय, प्रान्तिय तथा स्थानीय सरकार, सम्पूर्ण राजनैतिक दलहरु, संघ संस्था, सहकारी तथा निजि क्षेत्र सबैको विकास र परिवर्तन प्रतिको सकरात्मक सोच, जुझारु एकता, दृढ ईच्छाशक्ति हुनु अति नै आवश्यक छ । विगत १ वर्षको कार्य अनुभवलाई हेर्ने हो भने आम खत्याड वासि दाजुभाई, दिदीबहिनी, यस क्षेत्रमा कृयाशिल राजनैतिक दलहरु, संघ संस्था, सहकारी तथा निजी क्षेत्र र समग्रमा स्थानीय सरकार संचालनमा प्रत्यक्ष भुमिका खेल्ने सम्पूर्ण सरोकारवालाहरु विकास र परिवर्तन प्रति अत्यन्तै सकारात्मक रहेको पाएको छु ।

आदरणीय सदस्यज्युहरु,
अब म यस सम्मानित सभामा आगामी बर्ष लिईने मुख्य निति तथा कार्यक्रम गर्न अनुमति चाहन्छु ।

- ❖ योजना तर्जुमाको सम्पूर्ण प्रकृया पुरा गरी प्राथमिकता तोकिएका क्षेत्रलाई श्रोत र साधन उपलब्धताको आधारमा योजना र कार्यक्रममा समावेश गरिनेछ । क्रमागत योजनालाई पूर्णताका लागि प्राथमिकता दिने निति लिईने छ ।

भौतिक पूर्वाधारका कुनैपनि संरचना निर्माण गर्दा प्राकृतिक प्रकोप तथा जोखिम विष्लेषण गरि निर्माण कार्य अघि बढाईने छ ।

- ❖ गाउँपालिकाबाट भवन निर्माण मापदण्ड अनुसारको नक्सापास प्रमाणित गरिसकेपछि मात्र भवन निर्माणको काम आरम्भ गर्नुपर्नेछ । निजि तथा आवसिय घर निर्माणको प्राविधिक डिजाईन घरधनिलाई गाउँपालिकाबाट निशुल्क रुपमा उपलब्ध गराईने छ । घर निर्माण उक्त प्राविधिक डिजाईन अनुरुप भए नभएको जांचपास भएपश्चात उक्त घरलाई वस्न योग्य प्रमाणपत्र उपलब्ध गराई घरधुरी कायम गरिनेछ ।
- ❖ निर्धारित मापदण्ड अनुसारको सडक प्रत्येक वडा केन्द्रमा पुर्‍याउने गरि सडक संजालको विकास गरिनेछ । संघीय लोकतान्त्रिक गणतन्त्रको प्रथम गाउँसभाबाट रारा पर्यटकिय द्रुतमार्ग नामाकरण भएको झङ्गोला - रारा सडक खण्डलाई ०७५/०७६ भित्रै सम्पन्न गर्न प्रदेश तथा केन्द्र सरकारसँग समन्वय गरिनेछ । सेरी - नारगे, सेरी - जिउका, बरातु - कवा, रिगा - डुमाना, माथीचौर - जिउका - रिखिया र रातापानी - वाडु ग्रामिण सडक लाई निरन्तरता दिईनेछ । गाडी सेवा संचालनमा रहेका सडक खण्डमा सडक मर्मत सुधार शुल्क काउण्टर स्थापना मार्फत सडक मर्मत सुधार शुल्क असुली कार्यको सुरुवात गरीनेछ ।
- ❖ लैङ्गिक समानता र सामाजिक समावेशीकरणको नीतिलाई प्रोत्साहन गरिने छ । महिलामात्र उपभोक्ता समिति भएका निर्माण आयोजनलाई जनसहभागियताबाट वेहोर्नु पर्नेकुल रकममा ५ प्रतिशत छुट दिईनेछ । सार्वजनिक निर्माणका उपभोक्ता समितिमा ४० प्रतिशत महिला अनिवार्य रुपमा व्यवस्था गरिएको छ ।
- ❖ स्थानीय श्रोत साधन र सिपका आधारमा कम्तिमा पनि ५ जनासम रोजगारी दिने गरी महिला समुहबाट निर्यातजन्य उद्योग स्थापनालाई संचालन भएमा कुल संचालक लागतको २५ प्रतिशत रकम अनुदानको व्यवस्था गरिनेछ ।
- ❖ विकास निर्माण कार्यहरुमा दिगोपना तथा गुणस्तरियता कायम गर्न प्रभावकारी अनुगमन पद्दतिलाई लागु गरिनेछ । यसका लागि तेश्रो पक्ष अनुगमन ( Third Party Monitororing० लाई निरन्तरता दिईएको छ ।
- ❖ कार्यालय तथा सार्वजनिक क्षेत्रभित्र हुने अनियमितलाई रोक्न शुन्य सहनशिलताको निति अवलम्वन गरिने छ । सेवा प्रवहामा पारदर्शिता एवं जवाफदेहीय कायम गर्न गुनासो सुनुवाई, उजुरी व्यवस्थापनलाई शीघ्र र प्रभावकारी बनाईने छ ।
- ❖ पर्यटन प्रर्वद्धनमा नीजी र व्यावसायिक क्षेत्रलाई आकर्षित गर्ने निति लिईने छ । होमस्टे, भाषा, संस्कृति, कला, लगायत ऐतिहासिक, पुरातात्वतिक, धार्मिक र सास्कृतिक महत्वका स्थलहरुको अन्वेषण, संरक्षण तथा प्रवर्द्धन गरि पर्यटक गन्तव्य स्थलको रुपमा विकास गरिनेछ । खेस्मा, खेति, हेर्नी, मणीदह, चंलेखी लगाएत अन्य पर्यटकिय क्षेत्रहरुको संरक्षण र संवर्द्धनका लागि खास संग्रहालयको स्थापना गरिनेछ ।
- ❖ कालाकाडा - चाकपाडे तथा सेरी लगाएतका आवश्यक क्षेत्रमा आर्थिक रुपले महत्वपुर्ण जडिवुटी उत्पादन तथा प्रशोधन तथा अनुसन्धान केन्द्रको स्थापना गरिनेछ ।
- ❖ युवाहरुको रुचि, दक्षता, र उधमशिलताको क्षेत्र पहिचान गरि उनिहरुलाई विकास रुपान्तरणको प्रकृयामा समावेश गर्ने निति लिईनेछ । एक युवा एक काम अभियान अन्तर्गत प्रत्येक युवाले आफ्नो वार्षिक विकास लक्ष्य किटान गरि सम्बन्धित वडा कार्यालयमा दर्ता गराउनु पर्नेछ । प्रत्येक महिनाको १ दिन हरेक युवाले सामाजिक युवा अभियान अन्तर्गत स्वयम्सेवकिय परिचालन हुने गरि समय निर्धारण गरिनेछ ।
- ❖ खत्याडको पानी उज्यालोको लागि घर घरको लगानी अभियानलाई निरन्तरता दिदै जनताको शेयरबाट ५०० KW क्षमताको खत्याड खोला जलविद्युत आयोजना, ६५ KW क्षमताको श्रीकोट जलविद्युत आयोजना, ३५ KW क्षमताको भागोटीखोला, ३४ KW क्षमताको सेरी जलविद्युत आयोजना गरी जम्मा ६३४ KW विद्युत आगामि २ बर्षमा उत्पादन तथा वितरण गरिनेछ ।
- ❖ आ.व. ०७५/०७६ भित्रै खत्याड गाउँपालिका क्षेत्रभित्र विमानस्थल निर्माणको लागि उपयुक्त स्थान छनौट गरि DPR तयार गरिनेछ ।

खत्याड गाउँपालिका

❖ खत्याड क्षेत्रको १५ वर्षे दिर्घकालिन विकास रणनिति र ५ वर्षे अल्पकालिन विकासको आवधिक योजना बनाई सोही नितिको परिधि भित्र क्षेत्रगत विकास गुरुयोजना निर्माण गरि कार्यान्वयनमा लगिनेछ ।

❖ पारिवारिक स्वास्थ्य वचत कोषका रुपमा प्रत्येक परिवारमा नाममा स्वास्थ्य वचत खाता खोली आफ्नो वार्षिक आम्दानीको १० प्रतिशत रकम उक्त खातामा जम्मा गर्नुपर्ने व्यवस्थ्यालाई अनिवार्य गरिएको छ । उक्त कार्यका लागि आवश्यक पर्ने खर्च व्यवस्थापनका लागि एकमुष्ट रु १०००।- उक्त खातामा सोझै जम्मा हुने व्यवस्थालाई निरन्तरता दिईएको छ । उक्त रकम परिचालनका लागि एउटा छुट्टै पारिवारिक स्वास्थ्य वचत कोष परिचालन कार्यविधि लागु गरिनेछ ।

❖ प्रथामिक स्वास्थ्य केन्द्र रातापानिमा फार्मेसि, संचालन, आधुनिक पूर्वाधार निर्माण, यन्त्र उपकरण सहित विशषज्ञ अस्पतालको रुपमा विकास गर्ने र गाउँपालिका केन्द्रमा १५ सैया अस्पताल निर्माण प्रकृयाको थालनि गरिने छ । आर्युवैदिक तथा प्राकृतिक योग चिकित्सालाई स्वास्थ्य उपचारको एक स्थायी र भरपर्दो सेवा क्षेत्रको रुपमा विकास गरिने छ ।

❖ दलित परिवारबाट :ब्चब्क डाक्टर तथा ईन्जीनियर अध्ययनका लागि प्रवेश परिक्षामा छनौट हुने विद्यार्थि मध्ये २ जनालाई पुर्ण छात्रवृत्तिको व्यवस्था गरिनेछ । तर उक्त छात्रवृत्तिमा अध्ययन गरेको चिकित्सक तथा ईन्जीनियरले कम्तिमा पनि ७ वर्ष खत्याड गाउँपालिका अन्र्तगतको अस्पतालमा सेवा गर्नुपर्नेछ ।

❖ गाउँपालिका कार्यालयमा एउटा छुट्टै गैरसरकारी संस्था डेस्क स्थापना गरिनेछ । विकास साझेद्धारा रुपमा NGO/INGO बाट संचालन हुने सम्पुर्ण कार्यक्रमहरु एक द्धार प्रणाली मार्फत संचालन गरिनेछन् ।

❖ वन, भू-संरक्षण तथा कृषि विकास मन्त्रालय सँगको समन्वयमा सामुदायिक वन, तथा कृषि फार्महरुमा घाँसेबाली प्रवर्द्धन गरिनेछ ।

❖ पशु तथा कृषि प्रसार सेवाका लागि कृषि तथा पशु प्राविधिकहरु प्रत्येक वडा कार्यालय मार्फत वस्ति वस्तिमा परिचालन गरिनेछ ।

❖ कृषि प्रयालीका कारण यस क्षेत्रमा संलग्न कृषकहरुको पलायनलाई रोक्न एक वडा दुई उत्पादन कार्यक्रम अन्र्तगत कृषि पकेट क्षेत्र निर्धारण गरि स्थानीय वालि तथा पोल्ट्री, दुध, माछा-मासु, तरकारी, जडीबुटी, मह जस्ता वस्तुहरुको गुणस्तरिय उत्पादन गरि निर्यात प्रवर्द्धन गरिनेछ । यसका लागि कृषक, कृषि उद्यमी, समुह र कृषि सहकारीलाई प्रतिफलमा आधारित प्रोत्साहन अनुदान निति लागु गरिनेछ । सहकारीहरुको सुदृढीकरण, विकास र प्रवर्द्धनको लागि नियमित अनुगमन, निरीक्षण र नियमन गरिनेछ ।

❖ कृषि उत्पादनमा रासायनिक मल पुर्णत निषेध गरिएको छ । कृषकले जैविक मल तथा जैविक विषादी प्रयोगा गरि उत्पादन गरिएको कृषिजन्य उत्पादन विक्रि गर्न चाहेमा गाउँपालिकाबाट बाट स्थानीय उत्पादन संकलन तथा विक्रि केन्द्र तोकी उचित मुल्यमा खरिद गरिनेछ । यसका लागि कृषिजन्य उत्पादन खरिद अनुदानको व्यवस्था गरिएको छ । उत्पादित वस्तुहरुको सुरक्षित भण्डारणका लागि ठुलो क्षमताको शितघर निर्माण कार्यको थालनी गरिने छ ।

❖ खाद्य तथा कृषि उत्पादनमा आत्मनिर्भर बढाउन घाट जिउला, नखर्जी, गम्था, हयाङ्गलु , सेरी लगाएमत खत्याड खोलाबाट सिंचित हुन सक्ने अन्य कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाई सेवाको विकास र विस्तार गर्ने गरि नयाँ सिँचाई गुरुयोजना तयार गरि लागु गरिनेछ ।

❖ खत्याड खोल लगाएल अन्य सहायक खोलाबाट हुने कटानको समस्यालाई सुव्यवस्थित र योजनावद्ध ढङगले, समाधान गर्न खत्याडी गाढ संरक्षण, नियन्त्रण तथा व्यवस्थापन गुरुयोजना तयार गरी सो मुताविक कार्यान्वयनमा लगिने छ ।

❖ अनधिकृत, अनियन्त्रिण तथा अव्यस्थित बस्ति विकासमा रोक लगाईनेछ । रिगा, गाढेखोला, थारा, सेवालिवगर, किटेनी, कर्मासी, हिगोटी जेउरी, जस्ता अन्य असुरक्षित बस्तीलाइ सुरक्षित बसोवास हुने गरी बस्ती स्थानान्तरण गरिनेछ ।

- सासु चोलो कार्यक्रम मार्फत सुत्केरी महिलालाई स्वस्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गरिने छ । गाउँमा कृयाशिल स्वास्थ्य स्वयमसेविका बाट गरिने स्वास्थ्य सेवाको उचित कदर गर्दै उनिहरुलाई मासिक प्रात्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- 'एक घर एक रेडियो, एक घर एक फलामे चुलो' 'एक घर एक शौचालय' 'एक घर एक करेशाबारी' एक घर आगनमा २ रुख, एक घर ५० विरुवाको एक वगैचा एक घर एक जैविक मल खाडल, को व्यवस्थालाई अनिवार्य रुपमा कार्यान्वयनमा ल्याईनेछ ।
- गाउँपालिका क्षेत्रभित्र पुर्ण साक्षरता, पुर्ण खोप, पुर्ण सरसफाई, बालविवाह मुक्त, वालमैत्री वडा घोषणा गर्ने, वडालाई सम्मान-पत्र सहित प्रोत्साहन अनुदान दिईनेछ । उक्त अनुदान सम्बन्धित वडा समितिको निर्णय बमोजिम खर्च हुनेछ।
- गाउँपालिका क्षेत्रभित्र विज्ञान संकाय लगाएत प्राविधिक तथा व्यवसायिक शिक्षालयको स्थापना गरिनेछ ।
- जनताले सम्पूर्ण प्रशासनिक सेवा सुविधाहरु एकै स्थानबाट पाउन सक्ने गरि प्रशासनिक प्लाजाको निर्माणका लागि DPR तयार गरिनेछ ।
- वातावरणीय प्रभावलाई सुन्तुलनमा राख्न र वन विनासलाई रोक्न काठबाट घरको छाना छाउने विकल्पको खोजि गरिनेछ सामुदायिक तथा सरकारी वनको संरक्षण र विकासको लागि प्रत्येक सामुदायिक वनमा संरक्षणकर्ता परिचालन गर्ने कार्यको निरन्तरता दिईनेछ ।
- कुनै पनि क्षेत्रमा उत्कृष्ट वा विशिष्टिकृत कार्य गरि खत्याडलाई चिनाउन विशेष योगदान पुर्‍याउने व्यक्तिलाई विशेष सम्मान गर्ने निति लिईने छ ।
- उमेर नपुगी अथवा बाल्यकालमै बिवाह गर्नाले स्वंयम बाल बालिकाहरुको चौतर्फी विकासकामा पर्न जाने असरलाई मध्यनजर गरि उक्त कार्य न्यूनीकरणका गर्ने निति लिईनेछ ।
- धुम्रपान तथा मध्यपानको जथाभाबी प्रयोगका कारण स्वास्थ्यमा पर्न गएको असरलाई मध्यनजर गरि उक्त कार्य न्यूनीकरणका लागि मदिरा नियन्त्रण तथा नियमन निर्देशक समितिलाई थप सशक्त बनाईनेछ । गाउँपालिका क्षेत्रभित्र मदिराको अवैध उत्पादन, विक्रि वितरण तथा ओसारपोसारलाई कडाईका साथ नियन्त्रण गरिनेछ ।
- नखर्जी - सुकाढिक - रिगा - ठामलेख - रिखिया - जिउका - रोल - वमकाडा - साटवाडा - निगालिकोट - डाडुपाटा - भागोटी - चिन्तु चक्रपथ निर्माणका लागि समपुरक कोष मार्फत थप रकम विनियोजनका लागि केन्द्रिय सरकारलाई अनुरोध गरिनेछ ।
- स्थानीय न्ययिक समितिबाट गरिने न्याय सम्पादन प्रकृयालाई प्रभावकारी र विश्वसनिय बनाइनेछ ।
- खत्याड गाउँपालिका क्षेत्र भित्र रहेका खानेपानि (मुहान) को पहिचान गरि तत्काल संरक्षण गर्ने नितिलाई प्राथमिकता दिईने छ खत्याड गाउँपालिका क्षेत्र भित्र १ घर १ धाराको निति अवलम्वन गरिनेछ ।
- युवालाई मानसिक एवं शारिरिक रुपमा तन्दुरुस्त राख्न खेलकुद गतिविधिको विकास मार्फत उत्प्रेरित गरिने निति लिईने छ । खेलकुद विकास संस्थासँग समन्वय गरि गाउँपालिका स्तरिय खेलकुद प्रतियोगिता आयोजना गरिने छ । आधुनिक रंगशाला र कवर्डहल निर्माणका लागि DPR कार्य यसै आर्थिक बर्षभित्र सम्पन्न गरिनेछ ।
- शैक्षिक शिक्षा र विकासका लागि संस्थागत तथा सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरको निश्चित मापदण्ड तोकि सो अनुसारको नतिजा प्राप्त नगर्ने विद्यालय वा शिक्षकलाई तत्कालन कानुनी कारवाही गरिनेछ ।
- खत्याड गाउँपालिका क्षेत्र भित्र रहेका प्राकृतिक स्रोत, सम्पदाको संरक्षण र प्रवर्द्धनको लागि सार्वजनिक सम्पदाहरुको अभिलेखन कार्यलाई निरन्तरता दिईने छ ।
- दलितहरुको आर्थिक सामाजिक संशक्तिकरण, जातीय भेदभाव र छुवाछुतको अन्त्यका लागि हाल सम्म प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्दै उनीहरुको अधिकार प्रवर्द्धनका लागि दलित डेस्कको स्थापना गरिनेछ ।
- गाउँपालिकाबाट सञ्चालन हुने योजना/आयोजनाहरुमा हाल रहदै आईरहेको २० प्रतिशत स्थानीय जनसहभागिता दरलाई बढाएर २५ प्रतिशत कायम गरिएको छ । स्थानीय जनसहभागितामा योगदान नगर्ने व्यक्तिहरुको विवरण

सार्वजनिक गर्दै त्यस्ता व्यक्ति तथा संस्थालाई गाउँपालिकाबाट प्रदान गरिने सेवा, सुविधा, क्रमशः वन्द गरिने नितिलाई कडाईका साथ कार्यान्वयन गर्दै लगिने छ ।

- ❖ खत्याडको प्रवेशद्धार झुङ्गोला र जेउडेमा कला संस्कृति झल्कने गरि कलात्मक स्वागतद्धार निर्माण कार्य यसै बर्ष देखि शुरु गरिने छ ।
- ❖ गाउँपालिकामा क्षेत्रभित्रका सडक किनारा लगाएत अन्य संरचनाहरुमा वृक्षारोपण गर्नु पर्ने व्यवस्थालाई अनिवार्य गरिएको छ । वृक्षारोपण कार्यलाई योजनाको लागत अनुमान तयार गरेको अवस्थामा सामावेश गरी वृक्षारोपण पश्चात मात्र योजना फरकफरक गरिने निति अवलम्वन गरिने छ । यसबाट हरियालीको प्रर्वद्धन हुने विश्वास लिएको छ ।
- ❖ सामाजिक सुरक्षा भत्ता विवरण कार्य बैंक मार्फत मात्र गरिनेछ साथै सामाजिक सुरक्षा लाभग्राही सुची अद्यावधिक गरि सार्वजनिक गर्ने निति लिईने छ ।
- ❖ खत्याड गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक प्रति तथा सरकारी जग्गाहरुमा बढ्दै गएको अतिक्रमण लाई निरुत्साहित गर्नसम्पूर्ण सार्वजनिक प्रति जग्गा एवं सरकारी जग्गाहरुको लगत अध्यावधिक गरिने छ । सार्वजनिक जग्गाको अतिक्रमण रोक्न र संरक्षण गर्न प्रत्येक वडामा सार्वजनिक जग्गा संरक्षण समिति गठन गरिने छ ।
- ❖ नियमित पत्रकार सम्मेलन मार्फत गाउँपालिकाबाट भए गरेका क्रियाकलापहरुको सार्वजनिकीकरण गरि यसको पारदर्शिता सुनिश्चित गरिनेछ । शुशासन प्रर्वद्धनको लागि प्रविधिमैत्री सेवा प्रवाह, जनतासँग अध्यक्ष रेडियो सम्वनद, नागरिक सन्तुष्टीको स्तर मापन लगाएत अन्य संयन्त्रहरुको विकास र कार्यान्वयन गर्दै लगिने छ ।
- ❖ खत्याड क्षेत्रमा रहेका मोवाईल टावरको स्तरवृद्धि तथा रेडियो लिङ्क जडान मार्फत तत्काल 3G सेवा संचालनमा ल्याईनेछ ।
- ❖ सुविधासम्पन्न अस्पतालमा पुर्याई आपतकालीन स्वास्थ्य उपचार प्रदान गर्न एम्वुलेन्स सेवाको संचालन तथा व्यवस्थापन गरिनेछ ।
- ❖ हरेक श्रमिकको श्रमिक विकास खाता संचालन गरि श्रम गरेवाफत प्राप्त हुने रकम सोझै उक्त खातामा जम्मा हुने परिपाटीको थालनी गरिनेछ ।
- ❖ समुदायमा रहेका प्राविधिक युवा जनशक्तिलाई न्युनतम जीवननिर्वाह भत्ता उपलब्ध गराई सामुदायीक स्वयम्‌सेवाको रुपमा परिचालन गरिनेछ । यसका लागि स्वयम्‌सेवक परिचालन कार्यविधि निर्माण गरि लागु गरिनेछ ।
- ❖ बालविकास केन्द्रमा भर्ना भएका बालवालिकाहरुको सामाजिक, शारीरीक तथा संवेगात्मक विकास गर्ने कार्यमा थप प्रभावकारीता ल्याउन ECDC का सहजकर्ताहरुलाई थप प्रोत्साहन भत्ता उपलब्धता गराईनेछ ।
- ❖ आ.व. ०७५/०७६ का लागि विनियोजित विकास कार्यक्रमको बहुवर्षिय/वार्षिक र चौमासिक Breakdown गरि चौमासकि रुपमा सम्पन्न हुनुपर्ने सम्पुर्ण विकास कार्यक्रमको रकम सोही चौमासिकमा खर्च हुन नसकेमा उक्त रकम सोही चौमासिकको अन्तमा स्थानीय संचित कोषमा फिर्ता ल्याईनेछ । स्थानीय संचित कोषमा ल्याईएको उक्त विकास कार्यक्रमको विनियोजित वजेट गाउँ सभाबाट संशोधन पारित भएभन्दा बाहेक सोही आ.व. को ओर्को चौमासिक खर्च गरिने छैन ।

सभाका सदस्यज्युहरु,

अन्तमा :

जनताको आधारभुत तहमा कार्यरत स्थानीय सरकारहरुको प्रभावकारीताले नै संस्थागत सुद्धढिकरण र विकास गर्न सक्तछ । आ.व. २०७५/७६ का लागि घोषित स्थानीय सरकारका निति र कार्यक्रमहरुको सफल कार्यान्वयनमा सम्बन्धित सरोकारवाला, बुद्धिजिवी, नागरिक समाज एव्म सञ्चार जगत्‌को नियमित मार्गदर्शन, परामर्श, राय, सुझाव मात्र होईन निरन्तर खबरदारीको समेत आवश्यक्ता महशुस गरेको छु । यस कार्यमा सहयोग गर्नु हुने गाउँपालिका उपाध्यक्ष, वडा अध्यक्ष, सदस्यज्युहरु राजनैतिक दल, विकास प्रेमी, नागरिक समाज, सरकारी तथा गैसस निकायका प्रमुख एवं प्रतिनिधी, उद्योगी, पेशा व्यवसायी, शिक्षक तथा बुद्धिजीवी, सञ्चारकर्मी महानुभावकहरु लगाएत कर्मचारी मित्रहरुलाई म यस शुभ अवसरमा अत्यन्तै हार्दिकता पूर्व धन्यवाद व्यक्त गर्न चाहन्छु । भविष्यमा पनि यस्तै प्रकारको सहयोग प्राप्त हुनेछ भन्ने विश्वास यस सम्मानित सभा समक्ष गर्न चाहन्छु । प्रस्तुत निति तथा योजनाको सफल कार्यान्वयनमा समेत खुला सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद ।**

# खत्याड गाउँपालिकाको आर्थिक ऐन
# आ.व. २०७५/०७६

**प्रस्तावनाः**

खत्याड गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को अर्थ सम्बन्धि प्रस्तावनालाई कार्यान्वयनको निमित्त स्थनी कर, शुल्क, दस्तुर र जरीवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २३० बमोजिम खत्याड गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१) संक्षिप्त नाम र प्रारम्भ : (क) यस ऐनको नाम खत्याड गाउँपालिकाका आर्थिक ऐन, २०७५" रहेको छ।
(ख) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि खत्याड गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ।

२) घरजग्गा कर (सम्पत्ति कर) : खत्याड गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम भुमिकर घर जग्गा कर लागाई असुल उपर गरिनेछ।

३) भुमिकर (मालपोत) : खत्याड गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भुमिकर (मालपोत) लगाइ असुल उपर उपर गरिनेछ।

४) बहाल कर : खत्याड गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम ,टहरा, पोखरी पुरै वा आशिंक तरबरले साथै अन्य कुनै आम्दानी हुने गरी बहालमा दिएकोमा अनुसूची (३) बमोजिम बहाल कर लगाई असुल उपर गरिनेछ।

५) व्यवसाय कर : खत्याड गाउँपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति, वित्तिय तथा आर्थिक कारोवार, स्थान विषेश र लगानीका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ।

६) जडीबुटी, कवाडी, र जीबजन्तु कर : खत्याड गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटि, कवाडी माल र अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ, प्वाखँ, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेबापत अनुसूची (५) बमोजिमको कर लगाई असुल उपर गरिनेछ। तर प्रचलित कानूनले निषेध गरिएकाको हकमा भने उल्लिखित व्यवस्था लागु हुने छैन।

७) सवारी साधन कर : सवारी साधन कर अनुसूची (६) बमोजिम लागाई असुल उपर गरिनेछ।

८) विज्ञापन कर : खत्याड गाउँपालिका क्षेत्रभित्र हुने सबै किसिमका विज्ञापनमा अनुसूची (७) बमोजिमको विज्ञापन कर लगाई असुल उपर गरिनेछ।

खत्याड गाउँपालिका

९) मनोरञ्जन कर : खत्याड गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा अनुसूची (८) बमोजिमको मनोरञ्ज कर लगाई असुल उपर गरिनेछ ।

१०) बहाल बिटौरी शुल्क : खत्याड गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख, वा सञ्चालन गरेका वा सार्वजनिक ऐलानी पर्ति जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्वमा अनुसुची (९) मा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ ।

११) सेवा शुल्क दस्तुर : खत्याड गाउँपालिका निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (१०) मा उल्लिखित स्थानीय पुर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए बमोजिम शुल्कलाई असुल उपर गरिनेछ ।

१२) घरजग्गा रजिष्ट्रेशन शुल्क : खत्याड गाउँपालिका क्षेत्रभित्रका घर जग्गा रजिष्ट्रेशन गर्दा अनुसूची (१०) मा उल्लेख भए बमोजिम रजिष्ट्रेशन शुल्क लगाई असुल उपर गरिनेछ ।

१३) माछा कर : व्यवसायीक तथा व्यक्तिगत उपयोग गर्ने प्रयोजनका लागि खत्याडी गाढ तथा यसका सहायक खोलाहरु मा माछा मार्नु अघि अनुसूची (११) बमोजिमको कर लगाई असुल उपर गरिनेछ ।

१४) कर तथा शुल्क संकलन कार्यविधि : यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस ऐनसँग नबाझिने गरी खत्याड गाउँपलिकाले तोके बमोजिम हुनेछ ।

१५) अन्य व्यवस्था : खत्याड गाउँपालिका विषयगत शाखा, वडा तथा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर, तथा जरीवानालाई सेवासँग आवद्ध गरि अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नु पर्नेछ ।

१६) वन पैदावार शुल्क : सामुदायिक वन उपभोक्ता समुहले प्रचलित कानून बमोजिम कार्ययोजना बनाई निकालिएको काठ उपभोक्ता समुह बाहिर व्यापारिक प्रयोजनका लागि बिक्री गरेमा त्यसरी बिक्री गरी प्राप्त भएको रकम मध्ये ४० प्रतिशत र सामुदायिक वन भित्रको आन्तरीक आम्दानीको ३० प्रतिशत रकम आर्थिक वर्ष २०७५/०७६ मा वन पैदावार शुल्क बापत खत्याड गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

१७) नियम वा कार्यविधि बनाउन सक्ने : खत्याड गाउँपालिकाले यस ऐनमा भएका व्यवस्थाहरु लाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

१८) कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

खत्याड गाउँपालिका

## घर जग्गाको मुल्याङ्कन दर

आ.व. २०७५/०७६ को लागि घरजग्गा कर निर्धारण गर्दा न्यायोचित, एवं तथ्य परक रुपमा गरिनेछ । जग्गा तथा घरको मुल्याङ्कन दरलाई स्थान र वनौटका आधारमा पुनरावलोकन गरि कार्यान्वयमा ल्याईनेछ ।

| विवरण | दर प्रतिवर्ग मिटर /घर | अनुमानित क्षेत्रफल व.मि | अनुमानित आय दर |
|---|---|---|---|
| जग्गा | १ | २००००० | २००००० |
| घर | ३० | २०००० | ६००००० |

## मालपोतको दररेट

| जग्गाको वर्ग | दर प्रतिवर्ग मिटर रु. | जरिवाना | अनुमानित क्षेत्रफल व.मि. | अनुमानित आय दर |
|---|---|---|---|---|
| अवल | ०.०६ | बार्षिक १० प्रतिशत | ७०००० | ३२४०० |
| दोयम | ०.०५ | बार्षिक १० प्रतिशत | ४५७०००० | १७८५०० |
| सिम | ०.०४ | बार्षिक १० प्रतिशत | २१७०००० | ८६८०० |
| चाहार | ०.०३ | बार्षिक १० प्रतिशत | ६१७०००० | १८५१०० |
| | | | | 466600 |

## बहाल करको दररेट

खत्याड गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी वा अन्य सम्पत्ति पुरै वा आशिंक तबरले बहाल दिएको बहाल अंकको १० प्रतिशतका दरले बहाल कर संकलन गरिनेछ । संगठित संघ संस्था, कम्पनी, कार्यालय वा यस्तै प्रकृतिका अन्यले बहालमा बसे वाप त बहाल रकम बुझाउँदा श्रोतमै अग्रिम बहाल कर कट्टि गरी दाखिला गर्नु पर्नेछ ।

खत्याड गाउँपालिका

बहाल कर निर्धारण प्रक्रिया :

१) बहालमा दिएको मितिलाई आधार मानि दैनिक, मासिक, त्रैमासिक, अर्ध बार्षिक, वा बार्षिक अवधि लाई आधार लिई बहाल कर बुझाउनु पर्नेछ ।

२) खत्याड गाउँपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताको सम्झौतापत्रमा उल्लेख भएको कुल अंकको १० प्रतिशत घर बहाल कर असुल उपर गरिनेछ । (2000000*10%=200000)

## व्यवसाय करको दररेट

| कर आय | | विवरण | पुजिका आधारमा रु. | | | अनुमानितआय रु.पुजिका आधारमा | | | कुल अनुमानित आय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ लाख सम्म | १–५ लाख | ५ देखि माखि | १ लाख सम्म | १ देखि ५ लाख सम्म | ५ देखि माथि | |
| व्यापारिक वस्तु कर | | | | | | | | | |
| | | रक्सी मदिरा जन्य पसल | ५००० | ८००० | १५००० | ३५००० | २४००० | १५००० | ६९००० |
| | | सिडी, डिभिडी, बिक्री, भिडियो, क्यासेट बिक्रीक्याकेट रिकर्डर, प्लेयर, रेडियो, डेक, फोन, घडी बिक्री तथा मर्मत | ५०० | ७५० | १००० | ३००० | १५०० | | ४५०० |
| | | मोबाईल एसेसरिज बिक्री पसल | १००० | १५०० | ३००० | ६००० | ६००० | ३००० | १५००० |
| | | पुस्तकपसल स्टेशनरी | ५०० | ७५० | १००० | १०००० | ५२५० | ५००० | २०२५० |
| | | कम्प्युटर, फोटोकपी, तथा अन्य इलेक्ट्रोनिक्स सामान बिक्री | ५०० | ७५० | १००० | १०००० | ५२५० | ५०००० | २०२५० |
| | | काठ चिरानी लगाएत सामान्य लोकल फर्निचर | ३००० | ७००० | १५००० | ३०००० | २८००० | ४५००० | १०३००० |
| | | सिलाई केन्द्र | ५०० | ७५० | १५०० | १०००० | ५२५० | ५००० | २०२५० |
| | | रड, सिमेन्ट, जस्ता पाता हार्डवेयर पसल | ४५०० | ७००० | १५००० | ३६००० | ७०००० | ६०००० | १६६००० |
| | | रंङ रोगन पसल | ५०० | ७५० | १००० | १००० | १५०० | | २५०० |
| | | विजुली सामान पसल | ५०० | ७५० | ३००० | ५०० | ३००० | ९००० | १२५०० |
| | | सवारी साधन पार्ट पुर्जा, टायर ट्युब पसल | २५०० | ५००० | १०००० | | ५००० | १०००० | १५००० |
| | | सिंगार पसल (कस्मेटीक) | ५०० | ७५० | १००० | १५०० | १५०० | १००० | ४००० |
| | | औषधि पसल | २५०० | ३००० | ५००० | १०००० | ९००० | १०००० | २९००० |
| | | भेटेनरी औषधी पसल | २५०० | ३००० | ५००० | १०००० | ९००० | १०००० | २९००० |
| | | खाद्य पदार्थ /किराना पसल कोल्ड ड्रिक समेत | १००० | २००० | ३००० | ३०००० | २०००० | १५००० | ६५००० |
| | | तरकारी, फलफुल पसल | १००० | २००० | ३००० | १०००० | | ९००० | १९००० |
| | | दूध, दही, घिउ, तेल, बिक्री पसल | १००० | २००० | ३००० | १०००० | | ९००० | १९००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | भाडाकुडा पसल | १००० | २००० | ३००० | ३०००० | २०००० | १५००० | ६५००० |
| | | सुन चादि पसल | ३००० | ४००० | ५००० | ३००० | ४००० | १५००० | २३००० |
| | | जुत्तापसल | १००० | २००० | ३००० | ३०००० | २०००० | १५००० | ६५००० |
| कर आय | | विशेषज्ञ तथा परामर्श सेवा | | | | | | | |
| | | चिकित्सक | १५०० | २५०० | ५००० | | | ५००० | ५००० |
| | | कविराज | १५०० | २५०० | ५००० | | | ५००० | ५००० |
| | | वकिल | १५०० | २५०० | ५००० | | | ५००० | ५००० |
| | | लेखा परिक्षक | १५०० | १७५० | २५०० | | | ५००० | ५००० |
| | | अनुसन्धान कर्ता तथा परामर्शदाता | ३००० | ५००० | १०००० | | | ५०००० | ५०००० |
| | | सर्भेयर/ईन्जिनियरिङ कन्सल्टेन्सी | ३००० | ५००० | १०००० | | | ५०००० | ५०००० |
| | | सामान ढुवानी कर्ता कम्पनी | ५००० | १०००० | १५००० | | ३०००० | ६०००० | ९०००० |
| कर आय | | उत्पादन मुलक उद्योग | | | | | | | |
| | | कोरा मालवा खेर गइरहेको माल सामानको प्रयोग वा प्रशोधन गरी उत्पादन गर्ने उद्योग व्यवसायमा | ५०० | ७५० | १५०० | ६००० | ६००० | ९००० | २१००० |
| | | खाद्यान्न मिल | १५०० | १७५० | २५०० | | | १०००० | १०००० |
| | | कृषि वा वन पैदावारमा आधारित वा अन्य उत्पादन मुलक उद्योग | ३००० | ५००० | १०००० | | | ५०००० | ५०००० |
| कर आय | | पर्यटन उद्योग | | | | | | | |
| | | फास्ट फुड, रेष्टुरेन्ट एण्ड बार | ३००० | ४००० | ५००० | ९००० | १२००० | ५०००० | ७१००० |
| | | लज गेष्ट हाउस | ३००० | ४००० | ५००० | ९००० | १२००० | ५०००० | ७१००० |
| | | ट्रेकिङ एजेन्सी | १५०० | २५०० | ५००० | | | ५००० | ५००० |
| कर आय | | सेवा व्यवसाय | | | | | | | |
| | | फोटो स्टुडियो | ५०० | ७५० | १५०० | | २२५० | १५०० | ३७५० |
| | | भोजनालय तथा सामान्य खाजा घर | ५०० | १००० | १५०० | ५०००० | ५०००० | १५०० | १०१५०० |
| | | फ्रेस हाउस | ५०० | १००० | १५०० | | ३००० | ३००० | ६००० |
| | | कोल्ड स्टोर | ५०० | १००० | १५०० | | २००० | | २००० |
| | | छाप तथा छापाखाना | ३००० | ४००० | ५००० | ९००० | १२००० | ५०००० | ७१००० |
| कर आय | | वित्तिय सेवाव्यवसाय | | | | | | | |
| | | आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनीको कार्यालय | ५००० | १०००० | १५००० | ५००० | १०००० | ४५००० | ६०००० |
| | | सहकारी संस्था | २५०० | ३००० | ५००० | ५०००० | १२००० | १५००० | ७७००० |
| | | बिमा कम्पनी शाखा | २५०० | २७५० | ५००० | | | ५००० | ५००० |
| कर आय | | स्वास्थ्य सेवाव्यवसाय | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक गैरसरकारी अस्पताल | २५०० | २७५० | २५००० | | | २५००० | २५००० |
| | | क्लिनिक तथा ल्याब | २५०० | २७५० | १०००० | | | १०००० | १०००० |
| कर आय | | शैक्षिक सेवा | | | | | | | |
| | | क्याम्पस | २५०० | २७५० | १५००० | | | ३०००० | ३०००० |
| | | तालिम तथा अनुसन्धान केन्द्र | २५०० | २७५० | १५००० | | | ३०००० | ३०००० |
| | | टाईपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | २५०० | २७५० | १५००० | | | १५००० | १५००० |
| | | निजी विद्यालय प्राविधिक | २५०० | २७५० | १५००० | | | ३०००० | ३०००० |
| कर आय | | अन्य सेवा | | | | | | | |
| | | वैदेशिक रोजगार सेवा | २५०० | २७५० | १५००० | | | १५००० | १५००० |
| | | साईन बोर्ड बनाउने पेन्टिङ सेवा | ५०० | १००० | १५०० | | ५००० | | ५००० |
| | | पशु बधशाला, मासु बिक्रेता | ५०० | १००० | १५०० | | ३००० | | ३००० |
| | | विरुवा विक्रेता (नर्सरी) | १००० | २००० | ५००० | १०००० | २०००० | २५००० | ५५००० |
| | | निर्माण सेवा | ५००० (घ) | १०००० (ग) | १५००० (ख र क) | ५०००० | ० | ० | ५०००० |
| कर आय | | निर्माण सेवा | | | | | | | |
| | | ढुङ्गा प्रति घन मि. | ७५ | ७५ | ७५ | | | १०००००० | १०००००० |
| | | गिट्टी | ७५ | ७५ | ७५ | | | १०००००० | १०००००० |
| | | वालुवा | ७५ | ७५ | ७५ | | | २०००००० | २०००००० |
| कर आय | | उर्जा मुलकउद्योग | | | | | | | |
| | | हाइड्रो पावर | ५००० | १०००० | १५००० | | | ४५००० | ४५००० |
| | | सोलार बिक्रि | ५००० | १०००० | १५००० | | | ३०००० | ३०००० |
| | | | | | | | | | |

### जडिबुटी, कवाडी माल करको दररेट

खोटो, जडिबुटि, बनकस, कवाडी माल, जीबिजन्तु बाहेकका अन्य मृत वामारिएका जीबजन्तुको हाड, सिङ, प्वाखँ, छाला, जस्ता बस्तुको व्यवसायिक कारोबार गरे बापत जडीबुटी, कवाडी, र जीबजन्तु कर लाग्नेछ ।

(क) तामा जन्य सामानका लागि प्रति किलोग्राम रु ५०, =(6qt*5000=30000)
(ख) फलाम जन्य सामानका लागि प्रति किलोग्राम रु ५, =(10qt*500=5000)
(ग) सिलपट, स्लिजन्य सामानका लागि प्रति किलोग्राम रु 10=(20qt*1000=20000)
(घ) अन्यका हकमा प्रतिकिलो ग्राम रु 10=(200qt*1000=200000)

## सवारी साधन करको दररेट

खत्याड गाउँपालिका भित्र ठेगाना रहने गरि दर्ता भएका वा खत्याड गाउँपालिका भित्र चल्ने सवारी साधनमा बार्षिक सवारी कर नम्नानुसार हुनेछ :

(क) दुई पाङ्गे मोटर साईकल, स्कुटर वा यस्तै सवारी साधनको वार्षिक रु १०००, =(25*1000=25000)
(ख) कार, जीप, भ्यान वा यस्तै पाङ्गे सवारी साधनको बार्षिक रु १२०००, =(5*12000=60000)
(ग) ट्याक्टर वा यस्तै सवारी साधनको वार्षिक रु १२०००=(20*20000=400000)
(घ) मिनि बस, मिनि ट्रक वा यस्तै सवारी साधनको बार्षिक रु ७५००० =(20*25000=500000)
(ङ) हेभी गाडी, डोजर केन वा यस्तै सवारी साधनको बार्षिक रु ७५००० =(15*75000=1125000)

## विज्ञापन करको दररेट

**क) विज्ञापन कर निम्नानुसार हुने :**

१) भवनमाझ्याल छोपेर परिचय पाटी वा विज्ञापन सामाग्री राख्न पाइनेछैन ।
२) बाटोको सीमानादेखि दश फिट भित्र तथा संधियारको सिमानादेखि पाँच फिट भित्र र सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक सेवा प्रवाह गर्ने स्थानमा विज्ञापन सामाग्री राख्न पाईनेछैन ।
३) भवन, जमिन, व्यापारिक वा व्यवसायिक केन्द्र, होटल वा रेष्टुरेण्ड वा विद्यालय वा जुनसुकै भवनको भित्री भागमा विज्ञापन गर्ने प्रयोजनका लागि राखिएका प्रचार सामाग्रीमा विज्ञापन कर छुट हुने छैन ।

**ख) विज्ञापन करको दर :**

१) होर्डिङ्ग बोर्ड र फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्रीको प्रतिबर्ष प्रति होर्डिङ्गबोर्ड रु एक सय, (100*100=10000)
२) खेलकुद मैदान, मेला, जात्रा, पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामग्रीको अधिकतम पन्ध्र दिनका लागि प्रतिवेदन रु एक सयका दरले (50*100=5000)

खत्याड गाउँपालिका

## मनोरञ्जन करको दररेट

कुनै संस्था, कम्पनी वा व्यक्तिले मेला वा मनोरञ्जन प्रदायक कार्यक्रम सञ्चालन गराए बापत दैनिक ५०० वा मासिक रु पाँच हजार मनोरञ्जन कर असुल उपर गरिनेछ। (2*500=1000)

## बहाल बिटौरी करको दररेट

